# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१ ] काठमाडौं, फागुन १९ गते २०२८ साल [ अतिरिक्ताङ्क ५५ (ख)

श्री ५ को सरकार

**मन्त्रिपरिषद् सचिवालय**

### न्यायिक समिति नियमावली २०२८

प्रस्तावनाः– न्यायिक समितिको नियुक्ति, काम तथा कार्यविधि सम्बन्धमा भइरहेको व्यवस्थामा आवश्यक सँशोधन सहित अझ बढी सामयिक, नियमबद्ध र एकीकरण गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्‌को सल्लाह अनुसार यो नियमावली बनाइबक्सेको छ ।

#### परिच्छेद–१

#### प्रारम्भिक कथन

१. सँक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "न्यायिक समिति नियमावली २०२८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– यो नियमावलीमाः–

(१) "समिति" भन्नाले नेपालको सँविधानको धारा ७२ (ख) बमोजिम नियुक्त न्यायिक समिति सम्झनुपर्छ ।

(२) "सदस्य" भन्नाले न्यायिक समितिको अध्यक्षलाई समेत जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–२

### समितिको नियुक्ति सदस्यको योग्यता, कार्यालय तथा पारिश्रमिक

३. न्यायिक समितिको नियुक्तिः– (१) नेपालको सँविधानको धारा ७२ (ख) को प्रयोजन तथा कार्यका निमित्त श्री ५ महाराजाधिराजबाट साधारणतः तीन जना सदस्यहरूमा नबढाई एक न्यायिक समितिको नियुक्ति गरिबक्सनेछ र मौसूफबाट तोकिबक्सेको व्यक्ति समितिको अध्यक्ष हुनेछ ।

(२) उप-नियम (१) बमोजिम नियुक्ति गरिंदा कुनै सदस्यलाई काजमा नियुक्ति गर्न सकिनेछ ।

४. सदस्यको योग्यताः– देहायबमोजिम नभै कुनै पनि व्यक्ति समितिको सदस्य पदमा नियुक्ति हुन योग्य हुने छैन :–

(क) नेपालको जन्मसिद्ध नागरिक,
(ख) स्वस्थ र अँगभँग नभएको,
(ग) कम्तिमा ३५ वर्ष उमेर पुगेको,
(घ) राजनीतिमा नलागेको,
(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नलागेको, र
(च) कानून स्नातक वा सर्वोच्च अदालतको न्यायाधीश वा त्यस्तै न्यायाधीश हुन योग्यता पुगेको ।

५. पदावधिः– सदस्यहरुको पदावधि, कुनै कारणवस निजहरूको स्थान रिक्त नभएमा चार वर्षको हुनेछ ।

तर–

(क) कुनै सदस्यले श्री ५ का हजूरमा लिखित समावेदन चढाई आफ्नो पदबाट राजीनामा दिन सक्नेछ ।

(ख) कुनै सदस्य कार्यक्षमताको अभाव वा खराव आचरणले गर्दा आफ्नो पदको कर्तव्य पालन गर्न असमर्थ छ भन्ने कुरा श्री ५ मा लागेमा मौसूफबाट सर्वोच्च अदालतको रायका निमित्त पठाई सो अदालतको ठहर बमोजिम निजलाई सो पदबाट हटाउन सकिबक्सनेछ ।

(ग) खण्ड (ख) बमोजिमका आरोप लागेको सदस्यलाई आफ्नो सफाई दिनका निमित्त मनासिव मौकाबाट वञ्चित गरिने छैन ।

६. पारिश्रमिकः– (१) अध्यक्ष बाहेक अन्य सदस्यको मासिक पारिश्रमिक रू. १,५००।– (एक हजार पांचसय) हुनेछ । तर आवश्यकता अनुसार श्री ५ बाट समय समयमा थप घट गर्न सकिबक्सनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै अवकाश प्राप्त व्यक्ति सदस्यमा नियुक्ति भएमा निजले निवृत्तभरण पाइराखेको भए सदस्य पदमा बहाल रहेसम्म सो पाउने छैन ।

७. बिदाः– (१) सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीशले पाए सरहको बिदाको सहुलियत प्राप्त हुनेछ । तर समितिको काममा बाधा नपर्ने गरी कामको प्रवन्ध मिलाएर मात्र बिदाको उपभोग गर्न पाउनेछ ।

(२) सदस्यहरूको बिदा अध्यक्षले स्वीकृति गर्न सक्नेछ ।

(३) अध्यक्षले भैपरी आउने विदा स्वयँ लिन सक्नेछ । तर अन्य विदाको हकमा श्री ५ बाट स्वीकृति लिनु पर्नेछ ।

८. कायम मुकायमको व्यवस्थाः– (१) कुनै कारणवस अध्यक्षको पद रिक्त भएमा वा अध्यक्ष अस्वस्थ भएकोमा वा विदा बसेकोमा वा अन्य कारणले आफ्नो पदको काम गर्न असमर्थ भएमा सदस्यहरू मध्ये नियुक्तिक्रम अनुसार जेष्ठ व्यक्तिले कायम मुकायम भै अध्यक्षको काम सह्माल्नेछ ।

(२) उप-नियम (१) बमोजिम कायम मुकायम गर्दा दुइ महीनाभन्दा बढी कार्यभार सह्माल्नु परेमा मात्र सो काम गरे वापत अध्यक्षले पाउने मासिक शुरू तलवको दरले कायम मुकायम भत्ता पाउनेछ ।

## परिच्छेद–३

## समितिले हेर्ने निवेदनपत्र सम्बन्धी व्यवस्था

९. समितिमार्फत चढाइने निवेदनपत्रः– (१) सर्वोच्च अदालतको अन्तिम निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको थाहा पाएको मितिले ३५ दिनभित्र मुद्दा दोहऱ्याई पाउं भनी श्री ५ महाराजाधिराजका हजूरमा निवेदन चढाउन सक्नेछ ।

(२) उप-नियम (१) अन्तर्गतको निवेदनपत्रमा यथाशक्य देहायको कुराहरू खुलाएको हुनुपर्छ–

(क) निवेदकको नाम, थर र वतन,

(ख) सर्वोच्च अदालतमा निवेदक, पुनरावेदक, रेस्पोण्डेण्ट वा अरू कुन हैसियतमा थियो,

(ग) विपक्षी जति जना छन् प्रत्येकको नाम, थर र वतन,

(घ) सर्वोच्च अदालतमा मुद्दा छिन्ने न्यायाधीशको नाम,

(ङ) सर्वोच्च अदालतबाट निर्णय भएको मिति र सो निर्णय निवेदकले कसरी कुन मितिमा थाहा पायो,

(च) सर्वोच्च अदालतका निर्णय वूंदाहरू र ती वूंदाहरूमा नियम ११ को देहाय मध्ये कुन खण्ड वा खण्डहरूको आधारमा निवेदकको चित्त नबुझेको हो सो कुराहरू,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) तत्सम्बन्धमा अरू कानूनी बूंदा भए सो समेत,

(ज) निवेदकको माग र त्यसको कानूनी आधार ।

(३) उप-नियम (१) अन्तर्गत दिइने निवेदनपत्रमा रू. ५।– को टिकट टांसेको वा रू. ५।– सँलग्न रहेको हुनुपर्छ ।

तर श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दामा श्री ५ को सरकार वा सम्बन्धित पदाधिकारीको तर्फबाट चढाइने निवेदनपत्रमा टिकट दस्तूर लाग्ने छैन ।

(४) कुनै निवेदक टिकट दस्तूर राख्न असमर्थ छ भन्ने समितिलाई लागेमा टिकट दस्तूर नभए पनि निवेदनपत्रउपर कारवाई हुन सक्नेछ ।

(५) उप–नियम (१) अन्तरगतको निवेदनपत्र सँक्षेप, सरल र शिष्ट भाषामा प्रकरण छुट्याई लेखिएको हुनुपर्छ र सर्वोच्च अदालतको सम्बन्धित निर्णयको रीतपूर्वकको एक प्रति नक्कल सो निवेदनपत्र साथ नत्थी गरिएको हुनुपर्छ ।

तर धरौटी पुनरावेदन परेको मुद्दामा धरौटी पुनरावेदन गर्नेले वा बन्दी भएको मुद्दामा बन्दीले वा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा नक्कल प्राप्त गर्न नसक्नेले त्यस्तो निर्णयको नक्कल राख्न नसक्ने अवस्था देखाई दिएको निवेदनपत्रमा पनि कारवाई हुन सक्नेछ ।

(६) यो नियम अनुसारको निवेदनपत्र समितिको कार्यालय, राजदरबारमा दिनु वा पठाउनुपर्छ ।

१० समितिको कार्यविधिः– (१) समितिले नियम ९ बमोजिमको निवेदनपत्र हेर्दा सो निवेदन पत्रबाटै निरर्थक, खिचोल्याहा वा झुलाउने किसिमको भन्ने ठहराएमा दोहर्‍याउने सिफारिश नगर्ने कारण खुलाई पर्चा खडा गरी तामेलीमा राख्न सक्नेछ ।

(२) उप–नियम (१) बमोजिम निवेदनपत्र तामेलीमा नराखिने भई समितिबाट मुद्दा हेरिनेमा तुरुन्त सर्वोच्च अदालतबाट मुद्दाको मिसिल र जुनसुकै सम्बन्धित कागजपत्र जहांबाट पनि झिकाई प्राप्त भएका साधारणतया १५ (पन्ध्र) दिनभित्र हेरी दोहर्‍याउन सिफारिश गर्ने वा नगर्ने कारण खुलाई पर्चा खडा गरिसक्नुपर्छ ।

(३) उप–नियम (२) बमोजिम कार्यवाही गर्दा सिफारिश नगर्ने पर्चा भएमा समितिले श्री ५ का हजूरमा जाहेर गरी रहनु पर्दैन ।

(४) उप–नियम (२) बमोजिम कारवाई गर्दा सिफारिश गर्ने पर्चा भएमा समितिले श्री ५ का हजूरमा सो पर्चा साथ जाहेर गर्दा दोहर्‍याउनु पर्ने मूल कारणहरूको प्रकरण सहित बेग्ला बेग्लै बुंदाहरू स्पष्ट खुलाई दुइ प्रति जाहेर गर्नेछ र मौसूफबाट मुद्दा दोहर्‍याउने आदेश बक्सेमा साधारणतया ७ (सात) दिनभित्र श्री ५ को प्रमुख सचिव वा सचिबले श्री ५ बाट समितिको सिफारिशमा मुद्दा दोहर्‍याउने आदेश बक्सेको व्यहोरा सर्वोच्च अदालतलाई लेखिपठाउनेछ र निवेदकलाई श्री ५ का प्रमुख सचिवालयले सो कुराको सूचना समेत दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) यस नियमबमोजिम मुद्दा मामिला सम्बन्धी समितिको राय श्री ५ का हजूरमा जाहेर गर्दा कानूनी प्रश्नमा सम्बन्धित सदस्यहरूको बहुमत राय हुनुपर्दछ र तथ्य सम्बन्धी प्रश्नमा राय बाझिएमा सम्बन्धित सबै सदस्यको राय मौसूफका हजूरमा जाहेर गर्दा मौसूफबाट सदर गरिबक्सेको राय नै समितिको राय ठहर मानिनेछ ।

(६) समितिबाट गरिने कारवाईमा निवेदक वा निजको तर्फबाट कुनै कानून व्यवसायीलाई समितिमा उपस्थित गराइने छैन ।

११. <u>मुद्दा दोहऱ्याउने आधार</u>:– नियम ९ बमोजिम निवेदन पर्न आएपछि देहाएका आधारमा मिसिल हेर्दा सर्वोच्च अदालतले आफ्नो अघिको निर्णय जांच्नु पर्ने देखिएमा मात्र समितिले सम्बन्धित मुद्दा दोहऱ्याउन श्री ५ का हजूरमा सिफारिश जाहेर गर्नेछ-

(१) कानूनको व्याख्या वस्तुतः मूलभूत रूपमा कानूनको मनसाय विपरित भएमा,

(२) कानूनको ठाडै उल्लँघन भएमा,

(३) मुद्दामा झगडा वा बिबाद भएको विषयभन्दा बाहिर गै झगडा वा बिवादै नभएको कुरामा निर्णय भएकोमा,

(४) मुद्दामा पक्षको मुख नमिलेको वाद–विवादको तथ्य र सो सँग सम्बद्ध तथ्यमा बुझ्नु पर्ने प्रमाण नबुझेको वा सो कुराहरूसँग सम्बद्ध नभएको तथ्यमा बुझ्न नहुने प्रमाण बुझी त्यसलाई नै आधार बनाएको देखिएमा,

(५) अधिकार क्षेत्रभित्रको मुद्दा हेर्न इन्कार गरेको वा अधिकारै नभएको मुद्दा हेरेबाट अनाधिकार कारवाई भएकोमा,

(६) मुद्दा मामिलाको रोह रीत वा कार्यबिधि सम्बन्धी कानून ठाडै वा वस्तुतः उल्लँघन भै पक्षको सुनवाईमा पक्षपात हुन गएकोमा,

(७) सर्वोच्च अदालतका नजीरहरू एउटै प्रश्नमा परस्पर वस्तुतः बाझिएको देखिएमा,

(८) सम्बन्धित प्रश्नमा कायम रहेका सम्बद्ध नजीरहरूको उल्लेखै नभै सो नजीरहरू काटिने गरी कानूनको नयां व्याख्या वा नयां नजीर कायम गरिएको देखिएमा,

(९) देहायबमोजिमको मुद्दामा दाखिल भएका वा हुन सक्ने सम्बद्ध ठोस सबूद प्रमाणको आधार उपेक्षा गरी गलत मूल्यांकन भएको प्रष्ट देखिएमा–

(क) ज्यान तथा डांका मुद्दा,

(ख) नाबालक, स्वास्नीमानिस र शारीरिक वा मानसिक असमर्थता भएका व्यक्तिको धन सम्पत्ति मुद्दा,

(ग) सार्वजनिक महत्व रहेको वा सार्वजनिक हित समावेश भएको कुनै सामाजिक सँस्था, गुठी वा दान दातव्य मुद्दा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सार्वजनिक गौचर, बाटो, निकास सांध, कुलो पानी, बगैंचा, क्रिडास्थल जग्गा वा सो जग्गाभित्र रहेको सार्वजनिक चल अचल सम्पत्ति मुद्दा,

(ङ) कुनै पक्षले रीस इवी, आर्थिक, नातागोता वा अन्य पक्षपात सम्बन्धी कुरा किटानी तथ्यका साथ दर्शाई इन्साफमा तल माथि पऱ्यो वा अन्याय गऱ्यो भन्ने जिकिर लिएकोमा सो किटानी तथ्यले प्रमाणित हुन आएसम्मको कुराबाट पक्षलाई वस्तुतः इन्साफबाट बन्चित हुन गएको ठहरिएका जुनसुकै विषयको मुद्दा, वा

(१०) श्री ५ बाट समय समयमा तोकिबक्सने अन्य आधारमा ।

१२. सदस्यले पालन गर्नु पर्ने नियम– समितिले आफ्नो काममा देहायका कुरा देखिन आएमा सम्बन्धित सदस्यले त्यस्ता कुनै पनि मुद्दा मामिला उपर दोहऱ्याउने वा नदोहऱ्याउने सिल सिलामा समितिको छलफलमा भाग लिन वा राय समेत व्यक्त गर्न पाउने छैन–

(क) आफूले अगिनै कुनै अदालत, निकाय वा कार्यालयमा राय व्यक्त गरिसकेको वा पक्ष वा विपक्षको प्रतिनिधित्व गरी उपस्थित, वहस वा पैरवी गरिसकेको भए, वा

(ख) मुलुकी ऐन भाग २ महल १ अदालती बन्दोबस्तको ३० नं. को देहाय १ बमोजिम सम्बन्ध वा नाता पर्ने भएमा–

तर– सदस्यहरू मध्ये धेरै जना खण्ड (क) र (ख) बमोजिम सम्बन्धित भै कारवाई नै रोकिने गरी काम गर्न वाधा परेमा त्यस्ता मुद्दा मामिलाहरूमा मात्र सम्बन्धित सदस्यहरूले भाग लिन वा राय व्यक्त गर्न यस नियमले वाधा दिएको मानिने छैन ।

१३. निवेदनमा कारवाई नहुने अवस्थाः– नियम ६ बमोजिम चढाइने निवेदनपत्र एक पटक भन्दा बढी पटक चढाउन पाइने छैन र सर्वोच्च अदालतबाट एक पटक दोहरी सकेको मुद्दामा पनि त्यस्तो निवेदनपत्र लाग्ने छैन ।

१४. समितिको बैठकः– समितिको काम कारवाई कार्यालय खुल्ने प्रत्येक दिन पूरा समयसम्म हुनेछ । कम्तिमा दुई जना सदस्यको उपस्थिति नभै नियम १० को उप-नियम (१) र (२) बमोजिमका निमित्त गरिने बैठक गर्न हुंदैन ।

१५. जाहेरीको कार्यविधिः– श्री ५ महाराजाधिराजका हजूरमा जाहेर गर्न ठहराएका विषयहरू समितिले मौसूफका प्रमुख सचिवालयमार्फत जाहेर गर्नेछ ।

१६. समितिलाई सहयोग गर्नु पर्ने :– समिति सम्बन्धी काम कारवाईमा सबै कार्यालय, अधिकारी तथा व्यक्तिले सहयोग गर्नु कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. वर्तमान न्यायिक समितिको मान्यताः– यस नियमावलीको उद्देश्यको लागि न्यायिक समितिको रूपमा अधिकार प्रयोग गरी राखेको वर्तमान न्यायिक समितिलाई नै यस नियमावली बमोजिमको न्यायिक समिति मानिने छ र हाल वहाल रहेका सदस्यलाई नियम ४ को खण्ड (घ) लाग्ने छैन ।

१८. फैसला कार्यान्वयनको स्थगनः– सर्वोच्च अदालतको निर्णय उपर यस नियमावली अनुसार पर्न आएका निवेदन उपर कारवाई गर्दा सर्वोच्च अदालतको निर्णय कार्यान्वयन स्थगित राखिपाउं भन्ने निवेदन पर्न आएमा समितिले त्यस उपर विचार गरी आवश्यक देखेमा त्यसको कारण समेत खोली कार्यान्वयन स्थगनका लागि श्री ५ का हजूरमा जाहेर गर्नेछ ।

१९. प्रतिवेदनः– समितिले आफ्नो काम कारवाईको प्रतिवेदन प्रत्येक चार चार महीनामा श्री ५ का हजूरमा मौसूफबाट समय समयमा तोकिएबमोजिम प्रस्तुत गर्नेछ ।

२०. समितिको अन्य अधिकारः– यस नियमावलीको अधीनमा रही आफ्नो कार्यालयका कर्मचारीहरूको विदा र कायम मुकायम निकासा दिने तथा समितिको कार्य शुचारूरूपले चलाउन आवश्यक आन्तरिक प्रवन्ध मिलाउन समेत सक्नेछ ।

२१. यस नियमावलीबमोजिम हुनेः– (१) यस नियमावली प्रारम्भ हुनु भन्दा अघि समितिमा भइरहेका सबै मुद्दा मामिलाहरू यसै नियमावलीबमोजिम नै कारवाई हुनेछ ।

(२) यसअघिका समिति सम्बन्धी विज्ञप्तिहरू तथा आदेशहरू खारेज गरिएका छन् ।

आज्ञाले–
उपरथी छेत्रविक्रम राणा
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220